प्रदेश सरकार

प्रदेश नं. ५

भुमि ब्यबस्था कृषि तथा सहकारी मन्त्रालय

पशुपंछी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,

पाल्पा

☎ ०७५-५२०१४५

श्री प्रेमजी
सूचना पारी र वेजमा राख्नु।
२०७६।१।२३

दोस्रो पटक प्रकाशित मिति २०७६/०१/२०

यस विज्ञ केन्द्रको आ.व. ०७५/०७६ को प्रदेश सरकार,प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयवाट प्राप्त पशुपन्छी विकास कार्यकम अर्न्तगत तपशिलका कार्यकमहरु सहकार्यमा संचालन गर्न पाल्पा र गुल्मी जिल्ला अर्न्तगतका सवै स्थानिय तहमा वसोवास गर्ने व्यवसायिक पशुपालन गरेका ईच्छुक व्यवसायिक फार्म, समुह,समिति र कृषि तथा दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रथम पटक मिति २०७६।५।१ गते सूचना प्रकाशन गरिएकोमा तपशलिका कार्यकममा माग अनुसार प्रस्तावना नपरेकोले यो सूचना प्रकाशित मितिले ७ दिन भित्रमा पुनः प्रस्ताव पेश गर्न आव्हान गरिएको छ ।

**प्रस्तावनामा माग गरिएका कार्यकमहरु :**

| कं सं. | कार्यकमको नाम | अधिकतम सहकार्य कूल रकम | कार्यकम लागु हुने जिल्ला | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसासियक फार्महरुको लागि पशु आहारा विकासमा यान्त्रीकरण सहयोग ( ग्रान्डर,मोटरेवल च्यापकटर, हाते मिनीटीलर र विभिन्न औजार आदी ) | २०००००/- | पाल्पा र गुल्मी | |
| २ | दुध ढुवानी व्यवस्थापन तथा सुदृढीकरण ( मिल्क क्यान, डि फ्रिज, मिल्क एनालाईजर र डेरी पसल सुधार आदी ) | २०००००/- | पाल्पा र गुल्मी | |
| ३ | सहकार्यमा वाखा संकलन केन्द्र,भौतिक पूर्वाधार निर्माण | ५०००००/- | पाल्पा र गुल्मी | कृषि सहकारी संस्थाहरुला मात्र । |

**प्रस्ताव पेश गर्नका लागि आवश्यक जानकारी तथा प्रस्तावका साथ पेश गर्नु पर्ने विवरण तथा कागजातहरु :**

क.संचालकले अनुदानको लागि निवेदन ,नागरिकताको प्रतिलिपी र प्रस्तावना अनुसूची ३ वमोजिम (आर्थिक तथा प्राविधीक प्रस्ताव) पेश गर्नु पर्ने छ ।

ख. संवन्धित व्यवसायीले आफ्नो व्यवसाय दर्ता गरि नविकरण गरेको प्रमाणको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

ग. कुनैपनि सरकारी निकाय वाट २ वर्ष भित्र सोही प्रकृतिको कार्यका लागि नगद तथा वस्तुगत अनुदान प्राप्त गरेका र कार्य संपादन सन्तोषजनक नगरेका फार्महरुलाई छनौट प्रकृयामा समावेश गरिने छैन ।

घ.संकलन केन्द्र निर्माणको लागि आफ्नो नाममा १ रोपनी जग्गा वा करार संभौता भएको लालपूर्जाको प्रातिली र मन्जुरीनामा पेश गर्नु पर्ने छ ।

ङ. प्रस्ताव पेश गर्ने व्यवसायिले संवन्धित स्थानिय तहको सिफारिस अनिवार्य पेश गर्नु पर्ने छ ।

**प्रस्ताव पेश गर्ने स्थान :भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ,पाल्पा र सम्पर्क केन्द्र गुल्मी । फोनं. ०७५५२०१४५, ९८५७०६०८३६ ,०७९५२०२२७, ९८४७०५७५९८**

*नोट :* प्रस्तावनको ढांचा : भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाल्पा , सपर्क केन्द्र गुल्मी र हरेक स्थानिय तहवाट उपलव्ध हुने छ । साथै भ्याद नाघी प्राप्त भएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन ।